# लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८३/०३/३१

## भाग -२

## लालीगुराँस नगरपालिका, तेह्रथुम

## लालीगुराँस नगरपालिकाको अर्गानिक कृषि (सञ्चालन,व्यवस्थापन तथा प्रवर्द्धन) सम्बन्धी कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट पारित मितिः २०८३।०३।०५

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८३।०३।३०

**प्रस्तावनाः** लालीगुराँस नगरपालिकाभित्र अर्गानिक कृषि खेतीलाई प्रोत्साहन गर्न, कृषि उपजको उचित मूल्य सुनिश्चित गर्न एवम् उत्पादित कृषि उपजको व्यवस्थित बजारीकरण गर्नु वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा २ 'ण' को व्यवस्था तथा ऐ. ऐनको दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लालीगुराँस नगरपालिकाको अर्गानिक कृषि (सञ्चालन,व्यवस्थापन तथा प्रवर्द्धन) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) 'नगरपालिका' भन्नाले लालीगुराँस नगरपालिकालाई सम्झनु पर्छ।

ख) 'कार्यविधि भन्नाले' "लालीगुराँस नगरपालिकाको अर्गानिक कृषि (सञ्चालन, व्यवस्थापन तथा प्रवर्द्धन) सम्बन्धी कार्यविधि, २०८३" लाई सम्झनुपर्छ।

ग) 'नगर प्रमुख' भन्नाले लालीगुराँस नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्छ।

घ) 'नगर उपप्रमुख' भन्नाले लालीगुराँस नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनुपर्छ।

ङ) 'वडाध्यक्ष' भन्नाले लालीगुराँस नगरपालिका अन्तर्गतका ९ वटा वडाका वडाध्यक्ष सम्झनुपर्छ।

च) 'समिति' भन्नाले यस कार्यविधि बमोजिम गठित अर्गानिक कृषि प्रवर्दन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

छ) 'कृषि विकास शाखा' भन्नाले लालीगुराँस नगरपालिकाको कृषि विकास शाखालाई सम्झनुपर्छ।

ज) 'अर्गानिक कृषि' भन्नाले लालीगुराँस नगरक्षेत्रभित्र उत्पादित कुनै रासायनिक मल, विषादी र कृत्रिम वृद्धि हर्मोन प्रयोग नगरी गरिएको कृषि सम्झनुपर्छ।

झ) 'कृषि उपज' भन्नाले नगरपालिका क्षेत्रभित्र उत्पादित अर्गानिक कृषि उपजलाई सम्झनुपर्छ।

ञ) 'वडा' भन्नाले लालीगुराँस नगरपालिका अन्तर्गतका वडा सम्झनुपर्छ।

ट) 'कृषि एम्बुलेन्स' भन्नाले अर्गानिक कृषि उपज संकलन तथा ढुवानीका लागि गरिने नगरपालिकाको स्वामित्वमा रहेको सवारी साधन सम्झनुपर्छ।

ठ) 'समर्थन मूल्य' भन्नाले मल, बिउ, उपकरण र श्रमिक ज्याला वापतको लागतमा सामान्य मुनाफा जोडी समितिले निर्धारण गरेको कृषि उपजको न्यूनतम खरिद मूल्य सम्झनुपर्छ।

ड) 'संकलन केन्द्र' भन्नाले कृषि एम्बुलेन्स मार्फत कृषि उपज संकलन गर्नका लागि समितिले तोकेको स्थान वा विन्दु सम्झनुपर्छ।

ढ) 'कोष' भन्नाले अर्गानिक कृषि प्रवर्दन एवम् कृषि उपजको लागि प्रदान गरिने न्यूनतम समर्थन मूल्य अनुदान भुक्तानी गर्नका लागि नगरपालिकाले स्थापना गरेको कोष सम्झनुपर्छ।

ण) 'खरिदकर्ता' भन्नाले सहकारी, व्यक्ति, तरकारी पसल, सुपरमार्केट, होटल, हाट बजार लगायतका कृषि उपज खरिद गर्ने पक्षलाई सम्झनुपर्छ।

त) "संकलनकर्ता" भन्नाले नगरपालिका क्षेत्रभित्र उत्पादित अर्गानिक कृषि उपज संकलनका लागि नगरपालिकाको तर्फबाट खटाइएको कर्मचारी वा तोकिएको अन्य व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद-२
## अर्गानिक कृषि क्षेत्र तथा कृषि सहयोग

३. **अर्गानिक कृषि क्षेत्र निर्धारण गरिने:** (१) नगरपालिकाले समितिको सिफारिसमा अर्गानिक कृषि प्रवर्द्धनका लागि माटोको गुणस्तर, उत्पादनको स्तर एवम् कृषकको प्रतिबद्धता समेतको आधारमा निश्चित्त कृषि उपजलाई समेटी नगरपालिकाको कुनै क्षेत्रलाई अर्गानिक कृषि क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) तोकिएको क्षेत्रमा रासायनिक मल तथा विषादी, कृत्रिम वृद्धि हर्मोन तथा आनुवांशिक रुपमा परिवर्तित बिउ (GMOs)प्रयोग गर्न पाइने छैन।

४. **कृषकलाई सूचीकरण गरिने:** (१) अर्गानिक कृषकको रुपमा सुचीकतृ भई अर्गानिक कृषि कार्यक्रममा आवद्ध हुनका लागि आह्वान गरी नगरपालिकाले आवधिक रुपमा सूचना प्रकाशन गर्नेछ। इच्छुक कृषकले अनुसूची-१ बमोजिमको आवेदन र अनुसूची-२ बमोजिमको प्रतिबद्धतापत्र समिति समक्ष पेश गर्नुपर्नेछ।

(२) प्राप्त आवेदनको मूल्याङ्कन गरी अर्गानिक कृषि क्षेत्र तथा अर्गानिक कृषि सूचीकरणका लागि नगरकार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ।

५. **<u>कृषकलाई सहायता उपलब्ध गराउन सकिने:</u>** (१) नगरपालिकाले समितिको सिफारिस बमोजिम अर्गानिक कृषिमा संलग्न कृषकको आवश्यकता र उपलब्ध स्रोतको समेत यकिन गरी निम्न सहयोग उपलब्ध गराउन सक्नेछः

(क) अर्गानिक मल
(ख) बिउ बिजन
(ग) प्राङ्गरिक मल बनाउने उपकरण र सामग्री
(घ) कृषि उपकरण
(ङ) सिचाई सामग्री
(च) प्राविधिक तालिम
(छ) कृषि परामर्श सेवा

## परिच्छेद—३

## अर्गानिक कृषि प्रवर्द्धन तथा व्यवस्थापन समितिको गठन र काम, कर्तव्य र अधिकार

६. **<u>अर्गानिक कृषि प्रवर्द्धन तथा व्यवस्थापन समितिको गठन गरिने:</u>** (१) नगरपालिका क्षेत्रभित्र अर्गानिक कृषि कार्यलाई प्रवर्द्धन गर्न एवम कृषकलाई प्रदान गरिने सहयोगको सिफारिस एवम् व्यवस्थापन गर्नका लागि देहायबमोजिमको एक अर्गानिक कृषि प्रवर्द्धन तथा व्यवस्थापन समिति गठन हुनेछ।

(क) नगर उपप्रमुख - संयोजक
(ख) नगर प्रमुखले तोकेका ३ जना वडाध्यक्ष - सदस्य
(ग) कृषि विकास शाखाका प्रमुख -सदस्य सचिव

(२) उपदफा १ बमोजिमको समितिको बैठक हरेक १५ (पन्ध्र) दिनमा बस्नेछ। तर वर्षमा अधिकतम १८ वटा बैठकको मात्रै भत्ता उपलब्ध गराउन सकिनेछ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ र समितिको बैठकमा नगरपालिकाका जनप्रतिनिधि, जिम्मेवार कर्मचारी,कृषि विज्ञ एवम् कृषि सहकारी तथा कृषि समूहका प्रतिनिधिलाई समेत आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको सचिवालयको रुपमा कृषि विकास शाखा रहनेछ।

७. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका क्षेत्रभित्र अर्गानिक कृषि क्षेत्र घोषणा गर्ने।

(ख) अर्गानिक कृषि उपज अन्तर्गत समेटिने कृषि उपज तोक्ने।

(ग) कृषकलाई कृषि सहयोग सामग्री उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने।

(घ) अर्गानिक कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने।

(ङ) अर्गानिक कृषि उपजको बिक्री मूल्य निर्धारण गर्ने।

(च) कृषि उपजको खरिदकर्ता पहिचान गरी सम्झौताको लागि नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने।

(छ) कृषि उपज सङ्कलन केन्द्र र कृषि एम्बुलेन्स सञ्चालनको रुट निर्धारण गर्ने।

(ज) पाक्षिक रुपमा कृषि उत्पादनको परिमाण, प्रकृति र मूल्य अनुमान गर्ने।

(झ) कृषकबाट खरिद गरिएको उपजको भुक्तानीको लागि सिफारिस गर्ने।

(ञ) कृषि सहयोग सामग्रीको सदुपयोग, कृषि उपजको गुणस्तर एवम् खरिद तथा बिक्रीको नियमित अनुगमन तथा मूल्यांकन गर्ने।

(ट) नगरपालिका क्षेत्रभित्र उत्पादित अर्गानिक कृषि उपजको सूचना प्रविधिको प्रयोग समेत गरी प्रचार प्रसार गर्ने।

(ठ) कृषकको उत्पादन, खरिद र बिक्री एवम् नगरपालिकाको नगद प्रवाहको अवस्थाको यथार्थ विवरण तयार र प्रकाशन गर्ने।

(ड) अर्गानिक कृषि कार्यक्रमको सकारात्मक पक्ष, चुनौती एवम् आगामी दिनमा अपनाउनुपर्ने उपायहरु समेत समेटी मासिक रुपमा कार्यापालिका बैठकमा प्रतिवेदन पेश गर्ने।

## परिच्छेद-४

## न्यूनतम समर्थन मूल्यको निर्धारण

८. **<u>समर्थन मूल्य निर्धारण गरिनेः</u>** (१) समितिले बजारको मूल्यको समेत अध्ययन गरी प्रत्येक १५ दिनमा अर्गानिक कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न सक्नेछ।

(२) समर्थन मूल्य निर्धारण गर्दा देहायका पक्षलाई मुख्य आधारको रुपमा लिइनुपर्नेछः

(क) नगरपालिकाले उपलब्ध गराएको कृषि सहायता

(ख) कृषको उत्पादन लागत

(ग) प्रचलित बजार मूल्य

(घ) कृषकको मुनाफा

(ङ) उपभोक्ताको हित

(च) नगरपालिकाको नगद प्रवाहको अवस्था।

## परिच्छेद—५
## कृषि उपज संकलन तथा ढुवानी

९. **संकलन केन्द्र तोकिनेः** (१) समितले एउटा वडामा कम्तिमा एक केन्द्र रहने गरी कृषि उपज संकलन केन्द्र तोक्न सक्नेछ।

(२) उपदफा १ बमोजिम संकलन केन्द्र तोक्दा कृषकलाई पायक पर्ने र कृषि एम्बुलेन्स सहजै आवात जावत गर्न सक्ने अवस्था समेत यकिन गर्नुपर्नेछ।

१०. **कृषि एम्बुलेन्स सञ्चालन गरिनेः** (१) नगरपालिकाले अर्गानिक कृषि उपज संकलन तथा ढुवानीका लागि कृषि एम्बुलेन्स सञ्चालन गर्नेछ। कृषि एम्बुलेन्समा चालकका अतिरिक्त आवश्यकता अनुसार १ (एक) जना सहयोगी समेत खटाउन सकिनेछ।

(२) कृषि एम्बुलेन्सको प्रयोग देहायका कार्यमा गरिनेछः

(क) सकंलन केन्द्रबाट कृषि उपज ढुवानी गर्न,

(ख) बजारसम्म आपूर्ति गर्न,

(ग) हाट बजारसम्म कृषकहरु आवात जावत गर्न,

(घ) कृषि सहकारी तथा कृषि समूहका कृषि उपज एवम् कृषि सामग्री ढुवानी गर्न।

(३) समितिले देहायका आधारमा उपदफा १ बमोजिम सञ्चालन हुने कृषि एम्बुलेन्सको दैनिक रुट गर्नेछः

(क) उत्पादन क्षेत्र

(ख) कृषक संख्या

(ग) उत्पादन मात्रा

(घ) सडकको अवस्था

## परिच्छेद—६

## कृषि उत्पादनको खरिद, भुक्तानी र बजार व्यवस्थापन

११. **कृषि उत्पादनको तथ्याङ्क संकलन गरिनेः** (१) हरेक वडाले पाक्षिक रुपमा कृषि उत्पादनको विवरण समितिलाई उपलब्ध गराउनुपर्नेछ। त्यसरी प्राप्त विवरणको आधारमा नगरपालिकाबाट खरिदकर्तासँग आवश्यक समन्वय गरिनेछ।

१२. **कृषि उत्पादनको खरिदः** (१) कृषकले आफ्नो अर्गानिक कृषि उत्पादन आफै बिक्रि गर्न सक्षम नभएसम्मका लागि नगरपालिकाले संकलनकर्ताको माध्यमबाट त्यस्तो उत्पादन तोकिएको न्यूनतम समर्थन मूल्य मूल्यमा खरिद गर्न सक्नेछ।

(२) नगरपालिकाले एक महिनामा एक जना कृषकसँग अधिकतम रु.४,०००/- (अक्षेरेपी चार हजार रुपैंया मात्र) सम्मको मात्रै कृषि उत्पादन खरिद गर्न सक्नेछ। तर कृषकले आफ्नो उत्पादन आफै बिक्रि गर्न सक्षमता हासिल गरिसकेपश्चात्त भने नगरपालिका त्यस्तो कृषि उत्पादन खरिद गर्न बाध्य हुनेछैन।

(३) संकलन केन्द्रमा संकलनकर्ताले कृषि उपजको किसिम, तौल, अवस्था आदिको विवरणको रेकर्ड राखी लेबल समेत लगाउनुपर्नेछ।

१३. **कृषकलाई भुक्तानी गरिनेः** (१) कृषकबाट कृषि उपज खरिद गरे बापतको रकम कृषकको बैंक खाता मार्फत भुक्तानी गरिनेछ। तर बैंक खाता नभएका कृषको हकमा समितिको सिफारिस बमोजिम भर्पाइ गराई नगदै भुक्तानी गर्न समेत बाधा पर्ने छैन।

(२) उपदफा १ बमोजिम भुक्तानी गरिने रकम नगरपालिकाको विनियोजन ऐनले व्यवस्था गरेको अर्गानिक कृषि प्रवर्दन कार्यक्रमसँग सम्बन्धि शीर्षकबाट खर्च लेखिनेछ।

१४. **कृषि उपज खरिदकर्ता वा बजारसँग सम्झौता गरिनेः** (१) समितिले सिफारिस गरे बमोजिम नगरपालिकाले अर्गानिक कृषि उपजको खरिदका लागि इच्छुक सहकारी,

व्यक्ति, तरकारी पसल, सुपरमार्केट, होटल, हाट बजार लगायतका कृषि उपज संकलन तथा बिक्री केन्द्रलाई लक्षित गरी ढुवानी सहित र ढुवानी बाहेको बिक्री मूल्य तोकी सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम अर्गानिक कृषि उपज खरिद गर्न इच्छुक उपयुक्त खरिदकर्तासँग समितिको सिफारिस बमोजिम सम्झौता गरिनेछ। सम्झौतामा अवधि, कृषि उपजको प्रकार, मूल्य, गुणस्तर, उपलब्ध हुने न्यूनतम र अधिकतम परिमाण र क्षतिपूर्तिक व्यवस्था समेत समेट्नुपर्नेछ।

## परिच्छेद-८
## विविध

१५. **अनुगमन गरिने:** (१) नगरपालिकाले यो कार्यविधि कार्यन्वयनको नियमित अनुगमन गर्नेछ।

१६. **कारबाही गरिने:** (१) कृषकले अर्गानिक कृषि कार्यमा रासायनिक विषादी प्रयोग गरेमा, कृषि सहयोगी सामग्रीको दुरुपयो गरेमा, कृषि उपजको गुणस्तरको सम्बन्धमा गलत जानकारी दिएमा, अर्गानिक कृषि उपजमा गैरअर्गानिक कृषि उपज मिसाएमा समितिले न्यूउनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने कार्यक्रमबाट हटाउन र कृषि सहयोग सामग्री सुविधाबाट समेत रोक्न सक्नेछ।

१७. **अभिलेख राख्ने:** (१) कृषि विकास शाखाले समितिको सचिवालयको रुपमा कार्य गरी अर्गानिक कृषि कार्यक्रम सम्बन्धी सम्पूर्ण अभिलेख अध्यावधिक र सुरक्षित राख्नेछ।

(२) यस कार्यविधि बमोजिम हुने कृषि उत्पादनको खरिद, बिक्री, नगरपालिकाको नगद प्रवाहको अवस्था समेटी कृषि विकास शाखाले हरेक महिना नगरपालिकाको आधिकारिक वेभसाइटमा प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ।

१८. **बाधा अड्काउ फुकाउने अधिकार:** (१) आवश्यकता अनुसार नगर कार्यपालिकाले कार्यपालिका अन्तर्गतको सम्बन्धित समितिको सुझावको आधारमा यस कार्यविधिमा संशोधन वा हेरफेर गर्न सक्नेछ।

(२) यस कार्यविधि कार्यान्वयनमा क्रममा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१९. **खारेजी र बचाउः** (१) अर्गानिक कृषि कार्यक्रम सञ्चालनका लागि यस कार्यविधि जारी हुनु अगाडि अर्गानिक कृषि क्षेत्र घोषणा,अर्गानिक कृषि सहयोग सामग्री प्रदान एवम् अर्गानिक कृषि कार्यक्रमको अवलोकन लगायतका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# अनुसूची-१

(दफा ४ (१) सँग सम्बन्धित)

## अर्गानिक कृषि क्षेत्र घोषणा र अर्गानिक कृषक सूचीकरणको निवेदन

मितिः...............

श्री अर्गानिक कृषि प्रवर्द्धन तथा व्यवस्थापन समिति,
लालीगुराँस नगरपालिका, बसन्तपुर,तेह्रथुम।

विषयः अर्गानिक कृषि क्षेत्र घोषणा गर्ने र अर्गानिक कृषकको रुपमा सूचीकृत हुने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा अर्गानिक कृषकको सूचीमा समावेश हुन आह्वान गरी मिति ...................... मा लालीगुराँस नगरपालिकाबाट प्रकाशन गरिएको सूचना बमोजिम म तपसिल बमोजिमको कृषि क्षेत्र र उपजलाई अर्गानिक कृषि कार्यक्रममा समावेश गर्नका लागि यो निवेदन पेश गर्दछु।

१. नाम,थर, ठेगानाः
२. अर्गानिक कृषिमा सूचीकृत गर्न इच्छाइएको जग्गाको ठेगाना, क्षेत्रफल, कित्ता नम्बरः
३. अर्गानिक कृषिमा सूचीकत गर्न इच्छाइएका कृषि उपजकको नामः
४. मुख्य सडकबाट सो कृषिक्षेत्र सम्मको अनुमानित दुरीः
५. कृषि कार्यमा संलग्न हुने जनशक्तिको संख्याः
६. नगरपालिकाबाट आवश्यक सहयोगको प्रकृतिः
७. कृषि उपजको बिक्री वितरणको तरिकाः
८. निवेदकको हस्ताक्षर
९. निवेदकको औंठाछाप

| बायाँ | दायाँ |
|---|---|
| | |

# अनुसूची-२

(दफा ४ (१) सँग सम्बन्धित)

## अर्गानिक कृषकको सूचीमा आवद्ध हुनेसम्बन्धी प्रतिबद्धतापत्र

.................को छोरा/छोरी.....................नाती/नातिनी म..............(नागरिकता नं..................) लालीगुराँस नगरपालिकाले आह्वान गरेको अर्गानिक कृषि कार्यक्रममा स्वैच्छिक रुपमा आबद्ध हुन चाहन्छु। सो कार्यक्रममा आबद्ध भइसकेपश्चात्त म लालीगुराँस नगरपालिकाको अर्गानिक कृषि(सञ्चालन,व्यवस्थापन तथा प्रवर्द्धन) सम्बन्धी कार्यविधि, २०८२ को पालना गर्न प्रतिबद्ध छु। घोषित अर्गानिक कृषि क्षेत्रमा कार्यविधिले बञ्चित गरेका कुनै पनि गैरअर्गानिक कृषि पद्धति अपनाउने छैन। त्यस्तो गरेमा नगरपालिकाले कार्यविधि बमोजिम गर्ने कारबाही भोग्न समेत राजी छु।

१. कृषकको नाम,थर र ठेगानाः

२. कृषकको हस्ताक्षरः

३. कृषकको औंठाछापः

| बायाँ | दायाँ |
|---|---|
| | |

४. <u>साँक्षी:</u>

क. कृषकको तर्फबाट श्री.................

ख. नगरपालिकाको तर्फबाट श्री..................

**आज्ञाले**

**रविन कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**